अपि पावर कम्पनी लिमिटेड

सञ्चालक समिति



गुरु प्रसाद न्यौपाने
अध्यक्ष

संजिव न्यौपाने
कार्यकारी सञ्चालक

महेन्द्र न्यौपाने
सञ्चालक

सतिश न्यौपाने
सञ्चालक

ईन्द्रमणि त्रिताल
सञ्चालक (सर्वसाधारण)

सृजना खड्का
सञ्चालक (सर्वसाधारण)

सृजना दंगाल
कम्पनी सचिव

अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाण्डौ

प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी)

श्री सञ्चालक समिति
अपि पावर कम्पनी लिमिटेड
थापाथली, काठमाण्डौ ।

विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।

महाशय,

.....जिल्ला.....न.पा/गा.पा./वडा नं.....बस्ने म/हामी.....ले त्यस संस्थाको शेयरधनीको हैसियतले मिती २०७६ साल चैत्र ०७ गते शुक्रबारका दिन हुने १६ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन .....जिल्ला .....न.पा/गा.पा./वडा नं .....बस्ने त्यस संस्थाका शेयरधनी श्री .....शेयर प्रमाणपत्र नं. .....लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

प्रतिनिधि हुनेको		**प्रतिनिधि नियुक्त गर्नेको**	
नाम	:	नाम	:
दस्तखत	:	दस्तखत	:
प्रमाण पत्र नं.	:	प्रमाण पत्र नं.	:
शेयर संख्या	:	शेयर संख्या	:
मिति	:	मिति	:

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाण्डौ

प्रवेश-पत्र

शेयरधनीको नाम :
प्रमाणपत्र नं :
कुल शेयर संख्या :
शेयरधनीको हस्ताक्षर :

सिर्जना दंगाल
कम्पनी सचिव
२०७६/१२/०७

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

अपि पावर कम्पनी लिमिटेडसँग सम्बन्धित आयोजनाहरू

कम्पनीबाट प्रवद्धित आयोजनाहरू

1. Naugarh Gad HEP (8.5 MW)
2. Upper Naugarh Gad HEP (8MW)
3. Upper Chameliya HEP (40 MW)
4. Chandrauta Solar Project (1.5 MW)
5. Kawasoti I Solar Project (0.5 MW)
6. Bardaghat Solar Project (1 MW)
7. Kawasoti II Solar Project (1 MW)
8. Parwanipur Solar Project (8 MW)
9. Simara Solar Project (1 MW)
10. Chandranigahpur Solar Project (4 MW)
11. Dhalkebar Solar Project (1 MW)

कम्पनीबाट लगानी भएका आयोजनाहरू

12. Siddhakali Power Ltd., Trishuli Galchi HEP
13. Api Hydro Mechanical Ltd.
14. Arun Kabeli Power Ltd., Kabeli B1 HEP



विषय सूची

१६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना	०१
साधारणसभा सम्बन्धी जानकारीहरू	०२
कम्पनीको परिचय	०३
अध्यक्षको गन्तव्य	०४
कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन	०६
कम्पनीको शेयरको बजार मूल्य	०८
Contract Energy Tables (Naugarh HEP & Upper Naugarh HEP)	०९
Contract Energy / Estimated Revenue (Upper Chameliya HEP)	१०
कम्पनीको परियोजना एवं भावी कार्यक्रम	११
सौर्य विद्युत आयोजनाहरू	१२
कम्पनीबाट लगानी भएका आयोजनाहरू	१४
सञ्चालनमा रहेको नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट) का झलकहरू	१५
सञ्चालनमा रहेको अप्पर नौगड गाढ जलविद्युत आयोजना (८.० मेगावाट) का झलकहरू	१६
निर्माणाधीन माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट) का झलकहरू	१७
सञ्चालनमा रहेको आयोजनाहरूको संक्षिप्त रूपरेखा	१९
निर्माणाधीन आयोजनाहरूको संक्षिप्त रूपरेखा	२०
लेखा परीक्षकको प्रतिवेदन	२१
वासलात	२२
नाफा नोक्सान हिसाब	२३
नगद प्रवाह विवरण	२४
पूँजीमा भएको परिवर्तनको विवरण	२५
अनुसूचीहरू	२६
नोट	३५

अपि पावर कम्पनी लिमिटेड

१६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिति २०७६/११/१२ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरूमा छलफल गर्न कम्पनीको १६ औं वार्षिक साधारण सभा निम्न मिति स्थान, र समयमा हुने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१६औं बार्षिक साधारण सभा हुने मिति, स्थान र समय

मिति : २०७६ साल चैत्र ०७ गते शुक्रबार (22th March 2020)
स्थान : कार्की व्याकेट, बबरमहल, काठमाडौं
समय : बिहान ११:०० बजे देखि

१६औं बार्षिक साधारण सभामा छलफलका बिषयहरू

क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०७६/०७७ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

ख) विशेष प्रस्ताव

१) कम्पनीको आर्थिक वर्ष २०७५/०७६ को खुद मुनाफाबाट ५ प्रतिशतका दरले बोनस शेयर (कर बाहेक) परित गर्ने सम्बन्धमा ।

२) अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७४/०७५ को चुक्ता पूँजी रू. ११९.०७ करोडको १ शेयर बराबर ०.४७६१९०४७६१९ शेयरका दरले जम्मा ५६.७ करोडको हकप्रद शेयर निष्काशन गर्ने स्वीकृति भएको जानकारी गराउने सम्बन्धमा ।

३) आर्थिक वर्ष २०७५/०७६ को ५ प्रतिशत बोनस शेयर तथा रू. ५६.७ करोडको हकप्रद शेयर निष्काशन पश्चात् कायम हुने चुक्ता पूँजी रू.१८१.७२३५ करोडको १ शेयर बराबर ०.९०९६ का दरले हुने रू. १६५.३ करोड बरावरको हकप्रद शेयर निष्काशन गर्न स्विकृति प्रदान गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीले निर्माण गरिरहेको ४० मे.वा क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा थप लगानी गर्ने सम्बन्धमा ।

४) कम्पनीमा विदेशी लगानीलाई सहज बनाउनका लागि कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा संशोधन गरी अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गर्ने सम्बन्धमा ।

५) यस कम्पनीमा अर्को कुनै कम्पनी वा अर्को कुनै कम्पनीमा यो कम्पनी गाभ्ने/ गाभिने सम्बन्धी ब्यवस्था गर्न कम्पनीको नियमावलीको दफा ४७ मा संशोधन गर्ने सम्बन्धमा ।

६) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीका शेरधनीहरूबाट १ महिला समेत गरी ५ जना संचालकहरूको निर्वाचन गर्ने सम्बन्धमा ।

७) कम्पनी ऐनको दफा १०५ (ख) अनुरूप निर्माण भईरहेको ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयो जना निर्माण गर्न बैंक तथा वित्तीय संस्थाबाट आवश्यक कर्जा लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ग) विविध ।

सञ्चालक समितिको आज्ञाले ।
सिर्जना दंगाल
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू

१) वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रूपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र, डिम्याट खाताको स्टेटमेन्ट वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ ।

२) शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान ०९:३० बजेबाट खुल्ला गरिनेछ ।

३) साधारण सभा तथा बोनश शेयर प्रयोजनका लागि २०७६ चैत्र १ गते शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । २०७६ चैत्र १ गते भन्दा अघिल्लो कारोबार दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेमा कारोवार भई नियमानुसार शेयरधनी दर्ता किताबमा कायम हुन आएको शेयरधनी महानुभावहरूले मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रूपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) १६ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेभसाइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

नोट : मिति २०७६/११/१५ को आर्थिक अभियान पत्रिकामा प्रकाशित साधारण सभाको सूचनाको साधारण सभा सम्बन्धी सामान्य जानकारीहरूको बुँदा ३ मा दर्ता किताब बन्द हुने मिति २०७६ चैत्र १ गते हुनुपर्नेमा अन्यथा भएकाले यसै सूचनाको बुँदा ३ बमोजिम सच्याईएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

सञ्चालक समितिको आज्ञाले ।
सिर्जना दंगाल
कम्पनी सचिव

कम्पनीको परिचय

अपि पावर कम्पनी लिमिटेड नेपालमा जलविद्युत उत्पादन तथा वितरण गर्ने उद्देश्यले वि.सं. २०६० साल असार ५ गते प्राइभेट लिमिटेड कम्पनीका रूपमा स्थापना भई वि.सं. २०७० साल श्रावण ६ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ । नेपालमा प्रचुर सम्भावना रहेको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रूपमा आफूलाई स्थापित गर्न यस कम्पनीले नयाँ आयोजनाहरूको पहिचान गरी निर्माण तथा सञ्चालन कार्य गरिरहेको छ ।

नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरूको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली नीजिक्षेत्रका उद्यमीहरू मिलेर अपि पावर कम्पनी प्राईभेट लिमिटेड वि.सं. २०६० आषाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

यस कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले वि.सं. २०७० साल श्रावण ६ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ । कम्पनी स्थापना कालमा १०६४ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ६० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरूले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरूले र ३० प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको छ ।

अपि पावर कम्पनी लिमिटेडको प्रथम आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई वहने नौगड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७२ साल भाद्र ०२ गतेदेखि व्यवासायिक उत्पादन गरिरहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट संचालन भएको यो नै प्रथम आयोजना हो ।

कम्पनीले दोश्रो आयोजना ८ मेगावाट क्षमताको अप्पर नौगड गाढ जलविद्युत आयोजना पनि यसै क्षेत्रमा प्रथम आयोजना भन्दा करिब ५.५ किलोमिटर माथि बाँध निर्माण गरी ५ किलोमिटर लामो १.८ डायामिटरको पेनस्टक पाईपको सहायताले नौगड नदीको पानी फर्काइ आयोजना निर्माण कार्य सम्पन्न गरेको छ । यस आयोजनाले मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यवसायिक उत्पादन गरिरहेको छ । कम्पनीद्वारा संचालनमा रहेको यी दुवै आयोजनाहरूबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको, बलाँच सवस्टेशनबाट राष्ट्रिय ग्रिडमा जडान भई प्रशारण लाईनमा प्रवाह भइरहेको छ ।

नेपाल विद्युत प्राधिकरणद्वारा मिति २०७३ जेठ २६ गते नेपालका विभिन्न १६ स्थानमा रहेका चालु सवस्टेशनमा जडान गर्ने गरि २२ परियोजना मार्फत ६४ मेगावाट क्षमताका ग्रीड कनेक्टेड सोलार परियोजनाहरूको लागि टेण्डर आव्हान गरेको थियो । मिति २०७३ कार्तिक ७ गते यस अपि पावर कम्पनीलाई ८ वटा १६ मेगावाट क्षमताको सोलार परियोजनाहरू प्राप्त भएको छ । ती आयोजनाहरूको लागि नेपाल विद्युत प्रधिकरण र कम्पनी बीच ४ वटा परियोजना (१४ मेगावाट) को विद्युत खरिद बिक्री सम्झौता भैसकेको अवस्था छ । ती परियोजना निर्माणका लागि जग्गा खरिद तथा लिजमा लिने, ट्रान्समिशन लाईनका लागि गर्नुपर्ने आवश्यक कार्य भैरहेको छ । बाँकी अन्य परियोजनाहरूका लागि निकट भविष्यमा विद्युत खरिद बिक्री सम्झौता गरिने छ । यी सोलार परियोजनाहरूको निर्माण कम्पनीले गर्नेछ ।

कम्पनीले आफ्नो तेश्रो जलविद्युत आयोजनाको रूपमा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना पहिचान गरी विकास गरिरहेको छ । सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई वहने चमेलिया नदिको पानी उपयोग गरी ४० मेगावाट क्षमताको यस अयोजनाको विद्युत खरीद बिक्री सम्झौता मिति २०७५ साल फाल्गुण १५ गते नेपाल विद्युत प्राधिकरणसँग सम्पन्न गरी नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभागमार्फत मिति २०७६ साल आश्विन १२ गते विद्युत उत्पादन अनुमतिपत्र समेत प्राप्त गरेको छ । कम्पनीले यस आयोजनाको निर्माण कार्य द्रुत गतिमा मिति २०७७ साल वैशाख २ गतेबाट थालनी गर्नेछ । हाल यस आयोजनामा आवास निर्माणको, लेवर क्याम्प निर्माण, क्रसर प्लान्ट स्थापनाका कार्यहरू भईरहेको छ ।

कम्पनी स्थापना भएको मिति	२०६०/०३/०५
पब्लिक लिमिटेडमा परिणत	२०७०/०४/०६
कम्पनीको दर्ता नं.	११४४७/०५९/०६०
कम्पनीको पान नं.	३०१४४२९१२
स्थानीय बासिन्दालाई शेयर बाँडफाँड	२०७१/१२/०४
सर्वसाधारणलाई शेयर बाँडफाँड	२०७२/०५/१५
शेयर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत मिति	२०७२/०७/२३
बजारमा शेयर खरिद बिक्री सुरू भएको मिति	२०७२/०८/०२
लकिङ पूर्णरूपले खुलेको मिति	२०७५/०७/२३

कम्पनीको प्रधान कार्यालय

अध्यक्षको मन्तब्य

आदरणीय शेयरधनी माहानुभावहरू,

अपि पावर कम्पनी लिमिटेडको १६ औं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरूमा सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । कम्पनीको यस १६ औं वार्षिक साधारणसभामा उपस्थित भएर कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

कम्पनीको १५ औं बार्षिक साधारणसभा मिति २०७५/०९/२५ मा सम्पन्न भएको थियो । वि.सं. २०६० साल अषाढ ५ गते प्राइभेट कम्पनीको रूपमा स्थापित यस कम्पनी मिति वि.सं. २०७० साल श्रावण ६ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई विद्युत विकासको काममा संलग्न भएको यस कम्पनीमा करिब एक लाख चौध हजार शेयरधनीहरूको लगानी रहेको छ । शेयरधनीहरूको लगानीमा उचित प्रतिफल प्रदान गर्ने उद्देश्यका साथ कम्पनी सदैव समर्पित भएर काम गरिरहेको छ । कम्पनीको मूल उद्देश्य भनेको जलविद्युत एवं सोलार आयोजनाहरूको निर्माण गर्ने र मूनाफादायी आयोजनाहरूमा समेत लगानी गर्ने रहेको छ । कम्पनीले विभिन्न आयोजनामा लगानी गरे पश्चात् कम्पनीको पूँजी संरचना, आय, नाफा आदि समेतको प्रक्षेपण बनाई अनुसूचीमा संलग्न गरिएको छ ।

अपि पावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित पहिलो आयोजनाको रूपमा सुदुर पश्चिमाञ्चल प्रदेश, दार्चुला जिल्ला भई बहने नौगड गाढ नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न गरी मिति २०७२ साल भाद्र ०२ गते देखि व्यवासायिक उत्पादन गरिरहेको छ । सुदुर पश्तिमाञ्चाल प्रदेशमा नीजि लगानीबाट संचालन भएको यो नै पहिलो जलविद्युत आयोजना हो ।

कम्पनीको दोश्रो आयोजना ८ मेगावाट क्षमताको अप्पर नौगड गाढ जलविद्युत आयोजना पनि यसै क्षेत्रमा पहिलो आयोजना भन्दा करीब ५ किलोमिटर माथि रहेको छ । नौगड गाड नदीकै पानी उपयोग गरी यस आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यवसायिक उत्पादन गरिरहेको जानकारी यहाँहरू समक्ष गराउँदा खुसीको अनुभुति भईरहेको छ । कम्पनीद्वारा संचालनमा रहेको यी दुवै आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको वलाँच अत्तरीया १३२ के.भि. ट्रान्समिसन लाईन मार्फत राष्ट्रिय प्रसारण लाइनमा प्रवाह भइरहेको छ ।

कम्पनीले आफ्नो तेश्रो जलविद्युत आयोजनाको रूपमा सुदुर पश्चिमाञ्चल प्रदेश, दार्चुला जिल्ला भई बहने चमेलिया नदीको पानी उपयोग गरी ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजना पहिचान गरी विकास गरिरहेको छ । यस आयोजनाको विद्युत खरीद बिक्री सम्झौता मिति २०७५ साल फागुन १५ गते नेपाल विद्युत प्राधिकरणसँग सम्पन्न भई नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग मार्फत मिति २०७६ साल आश्विन १२ गते विद्युत उत्पादन अनुमतिपत्र समेत प्राप्त भएको जानकारी यहाँहरू समक्ष गराउँदछु । कम्पनीले यस आयोजना मिति २०७७ साल वैशाख २ गतेबाट निर्माण कार्य शुरू गर्ने योजना रहेको जानकारी समेत शेयरधनी महानुभावहरूलाई बताउन चाहन्छु । यस आयोजनाको वित्तीय व्यवस्थापन अन्तिम चरणमा भईरहेको छ । यस आयोजनाको निर्माण पश्चात् कम्पनीको नाफाको आकार अझै बढ्दै जानेछ । आयोजनाको निर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको १३२ के.भि अत्तरियाबाट बलाँचसम्मको ट्रान्समिसन लाईनबाट प्रवाह गरिनेछ ।

८.५ मे.वा क्षमतबाट शुरू गरिएको कम्पनी आयोजनाहरूको निर्माण पश्चात् ५६.५ मे.वा क्षमताको निजि क्षेत्रबाट प्रवर्द्धित एक सवल कम्पनी बन्नेछ । कम्पनीको पूँजीमा मुनाफा बापत प्राप्त लाभांस र शेयरधनीहरूको लगानी गरी कम्पनीको हालको चुक्ता पूँजी रू. ११९.०७ करोड रहेको छ । अप्पर नौगड गाढ आयोजनाको निर्माण कार्य भईरहेको हुदाँले मूनाफामा केहि ह्रास आएको थियो । आगामी आ.वबाट यस कम्पनीका दुई आयोजना संचालनबाट मूनाफा बृद्धि हुनेछ । यस आ.व को मुनाफाबाट करबाहेक ५ प्रतिशतका दरले बोनश शेयर प्रदान गर्ने प्रस्ताव गरेका छु । यसपछि कम्पनीको चुक्ता पूँजी रू. १२५.०२ करोड पुग्नेछ ।

हामी सबैले लामो समयसम्म प्रतिक्षा गरेको कम्पनीको १ बराबर २ को हकप्रद शेयर नेपाल सरकार नियमन आयोग र नेपाल सरकार धितोपत्र बोर्डबाट १ बराबर १ को हकप्रद स्वीकृत भएको व्यहोरा आज यस सभा समक्ष जानकारी गराउन पाउँदा म निकै खुसिको महसुश गरिरहेको छु । कम्पनीलाई स्वीकृत भएको १ बराबर १ को हकप्रद शेयर ४० मे.वा क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा लगानी गरिनेछ । स्वीकृत हकप्रद मध्ये पहिलो चरणमा १ बराबर ०.४७६२ र दोस्रो चरणमा बाँकी हकप्रद जारी गरिनेछ । हाम्रो उद्देश्य यस अपि पावर कम्पनी लिमिटेडलाई नेपालकै सबैभन्दा ठुलो र राम्रो जलविद्युत कम्पनीको रूपमा स्थापित गर्ने हो । कम्पनीका कर्मचारी साथीहरू एवं संचलक समितिका पदाधिकारीहरूले अहोरात्र कार्य गरिरहेका छन् । कम्पनीको साधारणसभा ढिलो सम्पन्न हुन गएकोमा सम्पूर्ण शेयरधनीहरू समक्ष क्षमा याचना गर्दछु । कम्पनीको हकप्रद शेयर निष्काशनको कार्यले गर्दा अघिल्लो आ.व. को बोनश शेयर समेत सूचिकरण गर्न ढिलो भएको व्यहोरा सभा समक्ष अनुरोध छ ।

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल सरकारले विद्यमान ऊर्जा संकट निरूपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा सौर्य शक्तिबाट बिजुली उत्पादन गर्ने नीति लिएको छ । यस अन्तर्गत नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्धाबाट देशका तराईका जिल्लाहरूमा अवस्थित विभिन्न सवस्टेशनहरू रहेका ठाउँमा जडान गर्ने गरी सोलारबाट जम्मा ६४ मेगावाट नीजि क्षेत्रको लगानीबाट उत्पादनको लागि एक टेण्डर आव्हान गरेको थियो । सो टेण्डरमा भाग लिएर अपि पावर कम्पनीले जम्मा १८ मेगावाट क्षमताका आठवटा सोलार आयोजना निर्माणको टेण्डर घटाघट विधिबाट प्राप्त गर्न सफल भएको छ । नेपालमा सोलार आयोजनाबाट विद्युत उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोडेर विद्युत खरिद–बिक्रि सम्झौता गरि नीजि लगानीकर्तालाई लगानीको लागि आव्हान गरेको यो पहिलो प्रयास हो । यस अन्तर्गत आर्थिक वर्ष २०७२/७३ मा सौर्य ऊर्जाबाट कुल विद्युत उत्पादन १० प्रतिशतसम्म अर्थात १२० मेगावाटसम्म शौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको थियो । आर्थिक वर्ष २०७६/७७ बाट सौर्य ऊर्जा, वायु ऊर्जा तथा अन्य ऊर्जाका आयोजना निर्माणका लागि भन्सार तथा मुल्य अभिवृद्धिकरमा छुट दिने व्यवस्था लागू भएकोले यस क्षेत्रले प्रगति गर्ने विश्वास लिएको छु ।

पुनश्चः कम्पनीले लगानी गर्ने प्रतिवद्धता जारी गरेको सिद्धकाली पावर लिमिटेडले निर्माण गर्ने त्रिशुली गल्छी जल विद्युत आयोजनाको वित्तीय समायोजन (Financial Closure) हालसम्म पनि सम्पन्न हुन सकेको छैन । यस आयोजनामा कम्पनीले थप लगानी नगर्ने जानकारी समेत यहाँ उपस्थित सबैमा अनुरोध गर्दछु ।

अपि पावर कम्पनी लिमिटेडको शेयर २०७२/०८/०२ मा पहिलो पटक नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोबार भएको थियो । सूचीकृत भई कारोबार हुदाँ कम्पनीको शेयरको मुल्य रू. ३१३ रहेको थियो । शेयर बजारमा अएका उतारचढाव पश्चात् यो प्रतिवेदन लेखन गर्दा अर्थात् २०७६/०३/१० गते कम्पनीको शेयरको बजार मुल्य रू. १ ४५ रहेको छ । आगामी दिनहरूमा नेपालको शेयर बजारमा उच्च मूल्य कायम हुने कम्पनी बनाउन हामी प्रयासरत छौं । कम्पनीका आयोजना क्षेत्रका प्रभावित शेयरधनीहरूको शेयर मिति २०७४/१२/०३ मा लकईन अवधि खुल्ला भई साधारण शेयर सरह कारोबार भैरहेको छ । कर्मचारीहरूलाई एवम् सामुहिक लगानीकर्ता तर्फ जारी भएको शेयरको लकईन अवधि २०७५/०५/२४ मा र संस्थापक शेयरधनीहरूमा जारी भएको शेयरको लकईन अवधि मिति २०७५/०७/२४ बाट खुल्ला भई साधारण शेयर सरह कारोबार भैरहेको छ ।

आदरणीय शेयरधनी महानूभावहरू,

विभिन्न सञ्चार माध्यमहरूमा जलविद्युत आयोजनाहरू रूग्ण भईरेहका समाचारहरू आईरहेका छन् । जलविद्युत कम्पनीका शेयरको मुल्य बुक भ्यालुभन्दा तल आइरहेको अवस्था छ । यद्यपी यस्तो अवस्था यस कम्पनीमा नआएतापनि नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभागले नीतिगत सुधारका कार्यहरू लागु गरी यो क्षेत्रलाई समग्र रूपमा मुनाफादायी बनाउनु पर्ने चुनौति समेत खडा भएको छ । म यस साधारणसभाबाट नियमक निकायहरूलाई यो क्षेत्रको सवलीकरण र सुधारमुखी योजनाहरूको तर्जुमा गर्न समेत अनुरोध गर्दछु । जलविद्युत आयोजनाहरूलाई सुलव दरमा कर्जा प्रवाह गर्नुको साथै विद्युत खरिद बिक्री सम्झौताको दररेटलाई समेत समय सापेक्ष बनाउन समेत सरोकारवाला सबैको ध्यानाकृष्ठ गर्न चाहन्छु ।

कम्पनीलाई आजको यस अवस्थामा पुऱ्याउन सहयोग गर्नुहुने शेयरधनी महानुभावहरू, वित्तीय सहयोग गर्ने बैंक तथा वित्तीय संस्थाहरू, सिभिल निर्माणको कार्य गर्ने श्री मकालु डेभलपर्स लिमिटेड, हाइड्रोमेकानिकलको कार्य गर्ने अपि हाइड्रो मेकानिकल कम्पनी लि., इलेक्ट्रोमेकानीकल सम्बन्धि कार्य गर्ने श्री Andritz Hydro Pvt. Ltd., नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार ऊर्जा मन्त्रालय, नेपाल सरकार विद्युत विकास विभाग, विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, आयोजना स्थलका स्थानिय बासिन्दाहरू, पत्रकार मित्रहरू, कम्पनीको काममा अथक मेहनत गर्नुहुने सम्पूर्ण कर्मचारीहरूको साथै कम्पनीलाई सदैव हौसला प्रदान गर्ने शुभचिन्तकहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । आफ्नो व्यस्त कार्यक्रमको बावजुत पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरूलाई धन्यवाद दिँदै सञ्चालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।

(गुरू प्रसाद न्यौपाने)

अध्यक्ष

आर्थिक वर्ष २०७५।०७६

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन

अपि पावर कम्पनी लिमिटेड वि.स. २०६० साल अषाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई वि.स. २०७० साल श्रावण ६ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई जलविद्युत सम्बन्धि व्यासाय गरिरहेको कम्पनी हो । कम्पनीको हाल अधिकृत पूँजी रू. ५०० करोड, जारी पूँजी रू. ४०० करोड र चुक्तापूँजी रू. ११९.०७ करोड पुगेको छ । आ.व. २०७२/०७३ को खुद मुनाफाबाट शेयरधनीहरूलाई ५ प्रतिशतका दरले बोनश शेयर उपल्बध गराईएको थियो । सो बनोस शेयर सूचीकृत भई कम्पनीको चुक्तापूँजी रू. १०५ करोड पुगेको हो । कम्पनीको चौधौं वार्षिक साधारण सभा, आ.व. २०७३/०७४ को लेखा परीक्षण पश्चात् खुद मुनाफाबाट ८ प्रतिशतका दरले (कर बाहेकको) लाभांश, वोनश शेयरको रूपमा उपलब्ध गराईएको थियो । सो बोनश शेयर सूचीकृत पश्चात् रू. ११३.४ करोड पुगेको थियो । कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा, आ.व. २०७४/०७५ को लेखा परीक्षण पश्चात् कम्पनीको खुद मुनाफाबाट ५ प्रतिशतका दरले (कर बाहेकको) लाभांश, बोनश शेयरको रूपमा उपलब्ध गराईएको थियो । यद्यपी कम्पनीको यस ५ प्रतिशतको बोनश शेयर वितरण गर्ने समय अवधि ढिलो भई मिति २०७६/०६/०२ गतेमा शेयरधनीहरूमा उपलब्ध भएको छ । कम्पनीको लामो समय सम्म प्रतिक्षार्थ हकप्रदको निर्णय सम्बन्धित निकायहरूमा विचाराधीन रहेको अवस्थाले गर्दा आ.व. २०७४/०७५ वार्षिक साधारण सभाबाट पारित बोनश शेयर शेयरधनीहरूमा उपलब्ध गराउन नसकेको जानकारी समेत यस सभामा अनुरोध गर्दछु । आ.व. २०७४/०७५ को बोनश शेयर सूचीकृत पश्चात् कम्पनीको चुक्ताँपुजी रू. ११९.०७ करोड रहेको छ । कम्पनीले वर्षेनी खुद मुनाफाबाट शेयरधनीहरूलाई वितरण गर्ने बनोस यस १६ औं वार्षिक साधारणसभा बाट आ.व. २०७५/०७६ को लेखा परिक्षण पश्चात् कम्पनीको खुद मुनाफाबाट ५ प्रतिशत का दरले (कर बाहेकको) लाभांश, बोनश शेयरको रूपमा उपलब्ध गराइएको छ । यसपछि कम्पनीको चुक्तापूँजी रू. १२५.०२ करोड पुगेको छ ।

अपि पावर कम्पनी लिमिटेडमा १,०६४ संस्थापक शयेरधनी, १,९०४ स्थानीय शेयरधनी तथा १,१०,१३४ जना साधारण शेयरधनीहरूको लगानी भई आयोजनाहरू निर्माण गरी संचालन गरिरहेको छ । कम्पनीले मिति २०७१ साल माघ २ गते उद्योग प्रभावित क्षेत्रका लागि र २०७२ साल आषाढ २१ ग्ते देखि २०७२ साल आषाढ २४ गतेसम्म सर्वसाधारण जनताका लागि शेयर बिक्री खुल्ला गरेको साधारण शेयर मिति २०७२ साल पौष ३ गतेबाट नेपाल धितोपत्र बोर्डमा सूचीकरण गरिएको थियो । कम्पनीको हाल आयोजना प्रभावित क्षेत्रका प्रभावित शेयरधनीहरूको शेयर मिति २०७४ साल चैत्र ३ गतेबाट कर्मचारी एवम् सामुहिक लगानीकर्ता शेयरधनीहरूको शेयर मिति २०७५ साल भदौं २४ गतेबाट र संस्थापक शेयरधनीहरूको शेयर मिति २०७५ साल कार्तिक २४ गतेबाट बिक्री वितरण खुल्ला भई नेपाल स्टक एक्सचेन्जमा साधारण शेयर सरह कारोबार भईरहेको छ । कम्पनीको शेयरको अधिकतम कारोवार मूल्य रू. ८४०।- रहेको थियो भने न्युनतम करोबार मूल्य रू. १०३।- सम्म रहेको थियो ।

कम्पनीले आफ्नो लगानी तथा बैंक ऋणबाट सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्लामा वहने नौगड गाढ नदीको पानी उपयोग गरी प्रथम आयोजनाको रूपमा ८.५ मेगावाट क्षेमताको नौगड गाढ जलविद्युत आयोजना निर्माण सम्पन्न गरी वि.स. २०७२ भाद्र २ गतेदेखि राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह गरी व्यापारिक उत्पादन गरिरहेको छ । यस आयोजनाको कुल लागत रू. १५१ करोड रहेको छ । जसमा रू. ५६ करोड बराबरको बक्यौता बैंक ऋण श्री नेपाल बैक लिमिटेडको अगुवाईमा स्थापित वित्तीय व्यवस्थापनमा रहेका बैंकहरूमा आजको मितिसम्ममा रहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट संचालन भएको यो नै पहिलो जलविद्युत आयोजना हो । कम्पनीले दोस्रो आयोजना रूपमा सोही नदीको पानी उपयोग गरी ८ मेगावाट क्षमताको अप्पर नौगड गाढ जलविद्युत आयोजना मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यापारिक उत्पादन गरी राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह गरिरहेको छ । यस आयोजनाको कुल लागत रू. १६० करोड रहेको छ । जसमा रू. ११८ करोड बराबरको बैंक ऋण श्री नेपाल एस.बि.आई. बैंक लि. को अगुवाईमा तथा रू. ४२ करोड कम्पनीका शेयरधनीहरूको लगानी र ऋणबाट प्राप्त भएको छ । कम्पनीद्वारा संचालनमा रहेका यी दुवै आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको अत्तरीया बलाँच १३२ के.भी. ट्रान्समिसन लाईन मार्फत विद्युत प्रवाह भईरहेको छ ।

कम्पनीसँग रहेको रू. ११९.०७ करोड चुक्ता पूँजीबाट अपि हाईड्रोमेकानिकल लि. मा रू. ७ करोड, अरूण काबेली पावर लि. बाट संचालित काबेली बी १ जलविद्युत आयोजना (२५ मे.वा.) को शेयरमा रू. ५ करोड, सोलार आयोजनाहरू विकासको लागि रू. २ करोड तथा अन्य लगानीमा रू. ४.४ करोड लगानी रहेको छ । शेयरधनी महानुभावहरूलाई प्रदान गर्ने लाभांश कम्पनीले बोनश शेयरको रूपमा प्रदान गर्दै आएको छ । कम्पनीको दुई आयोजनाहरूको संचालन गरी विद्युत बिक्री वापत गरेको आम्दानीबाट

आगामी आर्थिक वर्षबाट स्वतः रूपमा मुनाफा बृद्धि हुदै शेयरधनीहरूमा प्रदान हुने लाभांश दर बढ्दै जाने छ । कम्पनीको भावी आयोजनाहरूमा माथिल्लो चमेलिया जलविद्युत आयोजना, सोलार आयोजनाहरूको निर्माण कार्य यहि वि.स. २०७७ साल वैशाख २ गतेबाट थालनी गर्ने रहेको छ ।

जलविद्युत लगायतका पब्लिक लिमिटेड कम्पनीलाई हकप्रद शेयर निष्काशन गर्न दिने सम्बन्धमा नेपाल धितोपत्र बोर्डले मिति २०७३ साल मंसिर २२ गतेमा नयाँ नीतिको व्यवस्था गरको थियो । सो नीतिमा भएको व्यवस्था अनुसार प्राथमिक शेयर निष्काशन गरेको तीन वर्ष पुरा भएका कम्पनीहरूलाई मात्र हकप्रद शेयर निष्काशन गर्न दिने व्यवस्था हुँदा हाम्रो कम्पनीको तीन वर्ष पुरा भईसकेको र पन्ध्रौं वार्षिक साधारण सभाबाट कम्पनीको चुक्ता पूँजी रू. ११३.४ करोडको १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय पारित गरी सो को स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डमा आवेदन गरिएको थियो । पछिल्लो समयमा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट जलविद्युत आयोजनाहरूको लागत, निर्माण, विद्युत उत्पादन, प्रसारण, वितरण र व्यापारलाई नियमन गर्न नियमनकारी निकायको रूपमा विद्युत नियमन आयोगको स्थापना भएको छ । विद्युत नियमन आयोगमा अपि पावर कम्पनी लि. को १:२ हकप्रद शेयर निष्काशन निवेदन उपर कारवाही भई दुई चरण गरी आयोजनाको प्रगति विवरण मुल्यांकन गरी हकप्रद शेयर निष्काशन गर्ने स्वीकृत प्राप्त भएको व्यहोरा शेयरधनी महानुभावहरूमा जानकारी गराउँदछौं ।

कम्पनीले आयोजनाहरू विकास गर्ने क्रममा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्यको थालनी गर्ने निर्णय बमोजिम आयोजनामा आवास निर्माणको, लेवर क्याम्प निर्माण, क्रसर प्लान्ट स्थापनाका कार्यहरू द्रुत गतिमा भईरहेको छ । सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला, अपि हिमाल र मार्मा गाउँपालिका भई वहने चमेलिया नदीको पानी उपयोग गरी यस आयोजनाको विकास गरिनेछ । अपि हिमाल गाउँपालिकाको ओखल भन्ने स्थानमा यस आयोजनाको बाँध बनाई ६ किलोमिटर लामो ३.२ डायामिटरको पेनस्टक पाईपको सहायताले चमेलिया नदीको पानी फर्काई मार्मा गाउँपालिकाको घट्टेगाड भन्ने स्थानमा विद्युत गृह निर्माण गरी ४० मेगावाट क्षमताको ऊर्जा उत्पादन गरी १६ किलोमिटर लामो १३२ के.भी. ट्रान्समिसन लाईन मार्फत ने.वि.प्रा. को बलाँच सवस्टेशनमा ल्याई राष्ट्रिय ग्रिडमा जोडिनेछ । यस आयोजनाबाट वार्षिक २६ करोड ४१ लख युनिट विद्युत उत्पादन हुनेछ । उत्पादित विद्युत मध्ये ३० प्रतिशत हिउँदका ६ महिनामा र बाँकी ७० प्रतिशत वर्षाका ६ महिनामा उत्पादन हुनेछ । यस आयोजनाको विद्युत बिक्रीबाट वार्षिक १६२ करोड आय आर्जन हुनेछ । यस आयमा ८ वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुँदै जानेछ ।

यस आयोजना निर्माणका लागि जम्मा रू. ७४० करोड लगानी लाग्ने अनुमान छ । यसको ३० प्रतिशतले हुने रू. २२२ करोड शेयरधनीहरूको लगानी र बाँकी रू. ५१८ करोड बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण प्राप्त गरिनेछ । शेयरधनीहरूको लगानी हुने रू. २२२ करोड अपि पावर कम्पनीबाट जारी गरिने हकप्रद शेयर निष्काशनबाट परिपूर्ति गरिने जानकारी यहाँहरू समेक्ष जानकारी गराइन्छ । यस आयोजनाको बिक्री प्राप्त आयबाट शेयरधनी महानुभावहरूलाई वार्षिक रूपमा लाभांश उपलब्ध गराइने छ ।

माथिल्लो चमेलिया जलविद्युत आयोजना निर्माणका लागि चाहिने लगानी विवरण

सि.नं.	विवरण	रकम	कैफियत
१	जारी पूँजी	१,१९०,७००,०००।-	
२	बोनस शेयर	५९,५३५,०००।-	आ.व. २०७५/०७६ (५ प्रतिशत बोनस)
३	हकप्रद शेयर (१:०.४७६) प्रथम निष्काशन	५६७,०००,०००।-	आ.व. २०७६/०७७ भित्र जारी गरिने
४.	हकप्रद शेयर (१:०.९०९) दोस्रो निष्काशन	१,६५२,९५६,९५६।-	आ.व. २०७७/०७८ भित्र जारी गरिने
	बोनस र हकप्रद निष्काशनमार्फत जम्मा हुने रकम	**२,२७९,४९१,९५६।-**	
	बैक ऋण	**५,१८०,०००,०००।-**	
	आयोजनाको कुल लागत	**७,४००,०००,०००।-**	

कम्पनीको शेयरको बजार मुल्य

मिति २०७२ मंसीर २ गतेबाट कम्पनीको शेयर नेपाल स्टक एक्सचेन्जमा कारोबार सुरु भएको हो । कारोबार सुरु हुँदा प्रतिशेयरको मुल्य रू. ३०१।- बाट सुरुभएको थियो । सो मुल्यमा परिवर्तन हुँदै गएर यो प्रतिवेदन तयार गर्दाको अवस्थामा अर्थात २०७६ फागुनसम्ममा रू. १३६।- मा कारोबार भएको छ ।

कम्पनीको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भए पश्चात् आजका मितिसम्म शेयरको कारोबारको बजार मूल्य तालिका र रेखाचित्र बनाई प्रस्तुत गरिएको छ ।

Months	Closing Share Price (NPR)
Mangsir, 2072	391.00
Poush, 2072	390.00
Magh, 2072	540.00
Falgun, 2072	747.00
Chaitra, 2072	658.00
Baisakh, 2073	677.00
Jestha, 2073	771.00
Asadh, 2073	843.00
Shrawan, 2073	705.00
Bhadra, 2073	620.00
Ashwin, 2073	613.00
Kartik, 2073	569.00
Mangsir, 2073	413.00
Poush, 2073	405.00
Magh, 2073	315.00
Falgun, 2073	435.00
Chaitra, 2073	616.00
Baisakh, 2074	600.00
Jestha, 2074	564.00
Asadh, 2074	545.00
Shrawan, 2074	660.00
Bhadra, 2074	589.00
Ashwin, 2074	550.00
Kartik, 2074	499.00
Mangsir, 2074	490.00
Poush, 2074	425.00

Months	Closing Share Price (NPR)
Magh, 2074	375.00
Falgun, 2074	346.00
Chaitra, 2074	287.00
Baisakh, 2075	338.00
Jestha, 2075	319.00
Asadh, 2075	284.00
Shrawan, 2075	266.00
Bhadra, 2075	255.00
Ashwin, 2075	231.00
Kartik, 2075	151.00
Mangsir, 2075	149.00
Poush, 2075	154.00
Magh, 2075	137.00
Falgun, 2075	137.00
Chaitra, 2075	135.00
Baisakh, 2076	144.00
Jestha, 2076	148.00
Asadh, 2076	143.00
Shrawan, 2076	131.00
Bhadra, 2076	119.00
Ashwin, 2076	113.00
Kartik, 2076	105.00
Mangsir, 2076	109.00
Poush, 2076	124.00
Magh, 2076	133.00
Falgun 2076	136.00



कम्पनीको परिचय पछि म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७५/०७६ को संचालक समितिको प्रतिवेदन सोही वर्षको लेखापरीक्षण भएको वित्तीय विवरणहरू सभासमक्ष छलफल तथा अनुमोदनको लागि प्रस्ताव गर्दछु ।

१. विगत वर्षको कारोबारको सिंहावलोकन

कम्पनीको शेयर पूँजी तथा सञ्चिती:

विवरण	आ.व. २०७५/०७६	आ.व. २०७४/०७५
शेयर पूँजी	१,१९,०७,००,०००/-	१,१३,४०,००,०००/-
जगेडा कोष तथा सञ्चित नाफा	७,४२,३१,०५७/-	६,१२,४३,२५६/-
जम्मा पूँजी	**१,२६,४९,३१,०५७/-**	**११,९५,२४३,२५६/-**

Contract Energy

Naugarh Gad Hydro Electric Project (8.5MW)

Month	No. of Days	River Discharge (m3/sec)	Discharge for Power Generation (m3/sec)	Net Head (meter)	Maximum (kW) Power	Monthly Generation before outage and losses (Kwh)	Outage Including (Losses (Kwh)	Contract Energy (Kwh)
Baishakh	31	4.46	4.06	139.6	4744	3242242	129690	3112552
Jestha	31	6.94	6.55	136.07	7474	4698100	187924	4510176
Ashadh	32	21.4	7.46	134.55	8415	6462720	258509	6204211
Shrawan	31		7.46	134.55	8415	6260760	250430	6010330
Bhadra	31	37.85	7.46	134.55	8415	6260760	250430	6010330
Ashwin	31	37.11	7.46	134.55	8415	6260760	250430	6010330
Kartik	30	22.93	7.46	134.55	8415	6058800	242352	5816448
Mangsir	29	10.25	4.42	138.83	5144	3579903	143196	3436707
Poush	30	4.81	3.64	138.57	4265	3071017	122841	2948177
Magh	29	4.04	3.27	139.87	3838	2671402	106856	2564546
Falgun	30	3.67	3.29	139.86	3858	2777742	111110	2666632
Chaitra	30	3.69	3.26	139.87	3826	2754687	110187	2644500
Total						54098895	2163956	51934939

Upper Naugarh Gad Hydro Electric Project (8.0MW)

Month	No. of Days	River Discharge (m3/sec)	Discharge for Power Generation (m3/sec)	Net Head (meter)	Maximum (kW) Power	Monthly Generation before outage and losses (Kwh)	Outage Including (Losses (Kwh)	Contract Energy (Kwh)
Baishakh	31	2.436	2.545	159.72	4266	2592877	129690	2463233
Jestha	31	2.495	2.728	159.25	7954	2771036	138552	2632484
Ashadh	32	14.932	6.43	142.95	7954	6047389	302369	5745020
Shrawan	31	30.398	6.43	142.85	7954	5858408	292920	5565488
Bhadra	31	29.679	6.43	142.85	7954	5858408	292920	5565488
Ashwin	31	16.43	6.43	142.85	7954	5858408	292920	5565488
Kartik	30	7.645	6.43	142.85	7954	5858408	283471	5385956
Mangsir	29	4.657	5.125	159.15	7450	5669427	229558	4361601
Poush	30	3.476	3.755	156.93	5552	4591159	180826	3435693
Magh	29	2.576	3.059	158.99	4649	2889751	144438	2745263
Falgun	30	2.816	2.987	156.54	4609	2623034	145152	2776882
Chaitra	30	2.507	2.629	159.51	4160	2588711	129435	2459275
Total						54098895	2562205	48701871

Contract Energy/Estimated Revenue

Upper Chameliya Hydro Electric Project (40MW)

Month	No. of Days	River Discharge (m3/sec)	Discharge for Power Generation (m3/sec)	Net Head (meter)	Monthly Efficiency	Monthly Power (kW)	Maximum (kW) Power	Monthly Generation before outage and losses (Kwh)	Outage Including (Losses (Kwh)	Contract Energy (Kwh)
Baishakh	31	16.66	15.39	198.76	88.35%	26,777	39,958	19,722,831	788,913	18,933,918
Jestha	31	26.02	23.47	194.48	88.35%	39,958	39,958	29,431,674	1,177,267	28,254,407
upto 15										13,671,487
16 onward										14,582,920
Ashad	32	56.5	23.47	194.48	88.35%	39,958	39,958	30,381,082	1,215,243	29,165,839
Shrawan	31	85.46	23.47	194.48	88.35%	39,958	39,958	29,431,674	1,177,267	28,254,407
Bhadra	31	82.03	23.47	194.48	88.35%	39,958	39,958	29,431,674	1,177,267	28,254,407
Ashwin	31	50.7	23.47	194.48	88.35%	39,958	39,958	29,431,674	1,177,267	28,254,407
Kartik	30	27.29	23.47	194.48	88.35%	39,958	39,958	28,482,265	1,139,291	27,342,974
Mangsir	29	17.66	16.39	198.32	88.35%	28,451	39,958	19,604,188	784,168	18,820,021
upto 15										9,734,493
16 onward										9,085,527
Poush	30	14.37	13.1	199.65	88.35%	22,894	37,496	16,319,080	652,763	15,666,317
Magh	29	12.72	11.44	200.2	88.35%	20,057	32,695	13,820,225	552,809	13,267,416
Falgun	30	12.73	11.46	200.2	88.35%	20,081	31,743	14,313,962	572,558	13,741,403
Chaitra	30	13.13	11.86	200.07	88.35%	20,769	30,884	14,804,255	592,170	14,212,085
Total	**365**							**275,174,584**	**11,006,983**	**264,167,600**

Month	Contract Energy (Kwh)	Revenue (NPR '000)
Baisakh	18,933,918	159,045
Jestha	28,254,407	
upto 15th Jestha	13,671,487	114,840
16th Jestha onwards	14,582,920	69,998
Ashad	29,165,839	139,996
Shrawan	28,254,407	135,621
Bhadra	28,254,407	135,621
Ashwin	28,254,407	135,621
Kartik	27,342,974	131,246
Mangsir	18,820,021	
upto 15th Mangsir	9,734,493	46,726
16th Mangsir onwards	9,085,527	76,318
Poush	15,666,317	131,597
Magh	13,267,416	111,446
Falgun	13,741,403	115,428
Chaitra	14,212,085	119,382
Total	**264,167,600**	**1,622,886**

PPA Rates

Dry Season
(16th Mangsir to 15th Jestha) :
NPR 8.40 / kWh

Wet Season
(16th Jestha to 15th Mangsir) :
NPR 4.80 / kWh

There shall be 8th increments of 3% of initial PPA rates for first 8 years after commercial operation.

The PPA rates shall remain fixed after the 8th increment.

२. कम्पनीको परियोजना एवं भावी कार्यक्रम

(क) नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट)

अपि पावर कम्पनी लिमिटेडद्वारा प्रथम आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला भई बहने नौगड नदिको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७२ साल भाद्र २ गतेदेखि व्यवसायिक उत्पादन गरिरहेको छ । सुदुर पश्चिम प्रदेशमा नीजि लगानीबाट सञ्चालन भएको यो नै प्रथम विद्युत आयोजना हो ।

नौगड गाउँपालिका वडा नं. ६ सुकेखोला स्थित कम्पनीले बाँध निर्माण गरि करिब ४.७ किलोमिटर लामो २.१ मिटर ब्यासको पेनस्टक पाईपको सहायताले नौगड नदिको पानी फर्काइ शैल्यशिखर नगरपालिका वडा नं. २ स्थित विद्युत गृह निर्माण गरी अयोजना सम्पन्न गरी विद्युत उत्पादन गरिरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत ५ किलोमिटर लामो ३३ के.भी. ट्रान्समिसन लाईनमार्फत नेपालका विद्युत प्राधिकरणको बलाँच सवस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण लाईनमा विद्युत प्रवाह भईरहेको छ ।

यस अयोजनाको वित्तीय व्यवस्थापन श्री नेपाल बैंक लिमिटेडको अगुवाईमा स्थापित Consortium बैंकहरूमार्फत गरिएको थियो । हाल यस आयोजनको Runner एवं अन्य उपकरणहरूको मर्मत कार्य भइरहेको छ ।

(ख) अप्पर नौगड गाढ साना जलविद्युत आयोजना (८.० मेगावाट)

यस अपि पावर कम्पनी लिमिटेडले व्यवसाय विस्तार गर्दै जाने उद्देश्य अनुसार दोश्रो आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेशमा, दार्चुला जिल्ला भई बहने नौगड नदीकै पानी उपयोग गरी ८ मेगावाट क्षमताको अप्पर नौगड जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७६ साल कार्तिक १३ गतेबाट व्यवसायिक उत्पादन गरिरहेको छ ।

नौगड गाउँपालिका वडा नं. ५, चिउरीबगरस्थित कम्पनीले बाँध निर्माण गरी करिब ५.५ किलोमिटर लामो १.८ मिटर ब्यासको पेनस्टक पाईपको सहायताले नौगड नदीको पानी फकाई नौगड गाउँपालिका, वडा नं. ६ स्थीत विद्युत गृह निर्माण गरी आयोजना सम्पन्न गरी विद्युत उत्पादन गरिरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत ९ किलोमिटर लामो ३३ के.भी. ट्रान्समिसन लाईनमार्फत नेपालका विद्युत प्राधिकरणको बलाँच सवस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण लाईनमा विद्युत प्रवाह भईरहेको छ ।

यस आयोजनाको वित्तीय व्यवस्थापन श्री नेपाल एसबिआई बैंक लिमिटेडको अगुवाईमा स्थापित Consortium बैंकहरूमार्फत गरिएको थियो । आयोजनाबाट बार्षिक ४,८७,०१,८७२ युनिट बिजुली उत्पादन हुने अनुमान रहेको छ ।

(ग) माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट)

अपि पावर कम्पनी लिमिटेडद्वारा आफ्नो तेश्रो जलविद्युत आयोजनाको रूपमा सुदुर पश्चिम प्रदेश, दार्चुला जिल्ला, अपि हिमाल गाउँपालिका तथा मार्मा गाउँपालिका भएर बहने चमेलिया नदिमा ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको पहिचान गरी विद्युत विकास गरिरहेको छ । यस आयोजनाको विद्युत खरिद बिक्री सम्झौता मिति २०७५ साल फागुन १५ गते नेपाल विद्युत प्राधिकरणसँग सम्पन गरी नेपाल सरकार, ऊर्जा मन्त्रालय विद्युत विकास विभागमार्फत मिति २०७६ साल आश्विन १२ गते विद्युत उत्पादन अनुमतिपत्र समेत प्राप्त गरिसकेको छ ।

अपि हिमाल गाउँपालिकाको ओखल भन्ने स्थानमा यस आयोजनाको बाँध बनाई ६ किलोमिटर लामो ३.२ डायामिटरको पेनस्टक पाईपको सहायताले चमेलिया नदीको पानी फर्काई मार्मा गाउँपालिकाको घट्टेगाढ भन्ने स्थानमा विद्युत गृह निर्माण गरी ४० मेगावाट क्षमताको ऊर्जा उत्पादन गरी १६ किलोमिटर लामो १३२ के.भी. ट्रान्समिसन लाईन मार्फत ने.वि.प्रा. को बलाँच सवस्टेशनमा ल्याई राष्ट्रिय ग्रिडमा जोडिनेछ । यस आयोजनाबाट वार्षिक २६ करोड ४१ लख युनिट विद्युत उत्पादन हुनेछ । उत्पादित विद्युत मध्ये ३० प्रतिशत हिउँदका ६ महिनामा र बाँकी ७० प्रतिशत वर्षाका ६ महिनामा उत्पादन हुनेछ । यस आयोजनाको विद्युत बिक्रीबाट वार्षिक १५५ करोड आय आर्जन हुनेछ । यस आयमा ८ वर्षसम्म वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुँदै जानेछ । यस आयोजनालाई आगामी ३ बर्षमा सम्पन्न गर्ने लक्ष्य कम्पनीले राखेको छ । आयोजनाबाट बार्षिक २६,४१,६७,६०० युनिट बिजुली उत्पादन हुने अनुमान रहेको छ ।

(घ) सौर्य विद्युत आयोजनाहरू

ग्रिड कनेक्टेड सोलार आयोजनाहरू

नेपाल सरकारले विद्युत संकट निरूपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा ऊर्जा समिश्रण गर्ने नीति बमोजिम सौर्य शक्ति तथा वायु शक्तिबाट विजुली उत्पादन गर्ने योजना लिएको छ । यस अन्तर्गत नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्धाबाट देशका तराई जिल्लाहरूमा अवस्थित विभिन्न सवस्टेशनहरू रहेका ठाउँमा जडान गर्ने गरी सोलारबाट जम्मा ६४ मेगावाट विद्युत उत्पादनको लागि नीजि क्षेत्रको लागि एक टेन्डर आव्हान गरेको थियो । सो टेण्डरमा भाग लिएर अपि पावर कम्पनीले जम्मा १८ मेगावाट क्षमताका आठ वटा सोलार आयोजना निर्माणको टेण्डर घटाघट विधिबाट प्राप्त गर्न सफल भएको । यी आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

क्र.सं.	परियोजना स्थल	जिल्ला	क्षमता (मेगावाट)	सर्वेक्षण अनुमति पत्र प्राप्ति मिति	अनुमानित लागत (करोड)
१	ढल्केवर	धनुषा	१.०	१४ मंसिर २०७३	८
२	चन्द्रनिगाहपुर	रौतहट	४.०	१४ मंसिर २०७३	३२
३	सिमरा	बारा	१.१	१४ मंसिर २०७३	८
४	परवानीपुर	पर्सा	८.०	१४ मंसिर २०७३	६४
५	कावासोती	नवलपरासी	०.५	१४ मंसिर २०७३	४
६	कावासोती	नवलपरासी	१.०	१४ मंसिर २०७३	८
७	वर्दघाट	नवलपरासी	१.०	१४ मंसिर २०७३	८
८	चन्द्रौटा	कपिलवस्तु	१.५	१४ मंसिर २०७३	१२

नेपालमा सोलार योजनाबाट विद्युत उत्पादन गरि राष्ट्रिय ग्रिडमा जोडेर विद्युत खरिद बिक्री सम्झौता गरी निजी लगानीकर्तालाई लगानीको लागि आव्हान गरेको यो पहिलो प्रयास हो । यस अन्तर्गत आर्थिक बर्ष २०७२/०७३ मा सौर्य उर्जाबाट कुल विद्युत उत्पादन १० प्रतिशतसम्म अर्थात् १०० मेगावाटसम्म र आर्थिक बर्ष २०७३/०७४ मा थप १०० मेगावाट विद्युत उत्पादन गर्ने सरकारको लक्ष्य रहेको छ ।

ग्रिडमा जोडिने सोला आयोजनाको निर्माण गर्न औसतमा रू. ८ करोड प्रति मेगावाट लागत लाग्ने अनुमान छ । यी आयोजनाहरूको निर्माण एक वर्षभित्र सम्पन्न भईसक्ने भएकाले कम्पनीलाई आय प्राप्त हुने तथा अपि पावर कम्पनी हाम्रो देशमा ग्रीडमा जोडिएको सोलार आयोजना निर्माण गर्ने पहिलो कम्पनी बन्नेछ ।

